नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

# अत्यन्त जरूरी सूचना !

यस कार्यालयमा साविकमा कार्यरत अधिकांश कर्मचारीहरू अन्यत्र सरूवा भई कार्यालयको नियमित कामकाज गम्भीर रूपमा प्रभावित भएको अवस्थामा कार्यालयमा सरूवा भै हाजिर हुन आएका नयाँ कर्मचारीहरूको न्यून संख्याबाटै कम्पनी प्रशासनको कामकाजलाइ निरन्तरता दिइएको छ। थप कर्मचारी हाजिर हुने क्रम जारी रहेकोले त्यस्ता कर्मचारीहरूको डिजिटल हस्ताक्षर बनाइ यथाशिघ्र काममा लगाइने छ। नयाँ कर्मचारीहरूलाइ हाल Pending रहेका आवेदनहरू फछ्र्योटका लागि उपरजिष्ट्रारको सुपरिवेक्षणमा एउटा छुट्टै **Corporate Action Room** मा राखी तालिम सहित **Workshop मोडेलमा सामुहिक कार्यसम्पादन** भैरहेको छ।

**यस सन्दर्भमा:**

१) कार्यालयमा अभिलेखन भएका वार्षिक विवरणका जानकारी पत्रहरू स्वचालित रूपमा सम्बन्धित कम्पनीको CAMIS खातामा पुग्ने प्रबन्ध मिलाइएको छ।

२) साविकका कर्मचारीवाट स्वीकृत भै डिजिटल हस्ताक्षरमा Pending रहेका आवेदनहरूलाइ पहिलो प्राथमिकता दिइ उपलब्ध सबै उपाय अवलम्बन गरी डिजिटल हस्ताक्षरको काम सम्पन्न गर्ने कार्यलाइ द्रुत पारिएको छ।

३) नाम स्वीकृती र कम्पनी दर्ताका कार्यहरू नयाँ कर्मचारीबाटै नियमित रूपमा सम्पादन हुने चरणको नजिक कार्यालय पुगेको छ।

४) साविकमा Pending रहेका दर्तापश्चातका कार्यसम्बन्धी अधिकांश आवेदनहरूलाइ २०८२ साल भाद्र महिनाको पहिलो हप्तासम्ममा फछ्र्योट गर्ने लक्ष सहित कार्यसम्पादनलाइ तीव्र पारिएको छ।

५) तत्पश्चात, दर्ता खारेजीका आवेदनको हकमा Liquidation खारेजीलाइ पहिलो प्राथमिकता दिइ अन्य खारेजीका आवेदनहरूलाइ क्रमशः फछ्र्योट गर्दै लगिने छ।

CAMIS प्रणाली मार्फत Pending रहेका आवेदनहरू फछ्र्योट गरेपछि निकट भविष्यमा नै सेवाग्राहीहरू आफ्नो आवेदनको काम अगाडि बढाउन कार्यालयमा आउनै नपर्ने कार्यवातावरण सुनिश्चित गरी कानूनले तोकेको अवधि भित्रै कार्यसम्पन्न गर्ने र फेसलेस कार्यसम्पादन प्रणाली मार्फत कर्पोरेट सेवा प्रवाहलाई पूर्ण रूपमा सेवाग्राही मैत्री बनाउने योजना रहेको छ।

हाल सिर्जना भएको यस विषम परिस्थितिमा सेवाग्राहीहरूलाइ पर्न गएको असुविधा प्रति कार्यालय क्षमाप्रार्थी छ। सहयोगका लागि हार्दिक धन्यवाद।

**मिति: २०८२/०४/१६**

(देवी प्रसाद सुवेदी)
नि. रजिष्ट्रार